का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ वैशाख २०८०,
सोमबार
17 April 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ८१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# तदर्थ सरकार !

विभिन्न मन्त्रालय प्रधानमन्त्रीको जिम्मेवारीमा छन् । त्यसमध्ये एक परराष्ट्रमन्त्री आइतबार नियुक्त भएका छन् । तर, अझै मन्त्रिपरिषदले पूर्णता पाउन सकेको छैन ।



हामी छलफल अगाडि बढाउँछौं । भर्खरै म कार्यालय आएको छु, त्यसमा संलग्न कर्मचारीसँग ब्रिफिङ लिएर (प्रधानमन्त्रीको भारत भ्रमणको प्रयासलाई) अगाडि बढाउँछु ।

**एनपी साउद**
**नवनियुक्त परराष्ट्रमन्त्री**





प्रधानमन्त्री नयाँ ढंगले अघि बढ्न खोजिरहेका बेला नयाँ राजनीतिक परिस्थिति निर्माण भएकाले सरकारको काममा असर परेको हो । तर, अब परिस्थिति काम गर्ने खालको बनेर गएको छ ।

**हरिबोल गजुरेल**
**प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आठौं पटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । परराष्ट्रमन्त्रीमा एनपी साउदलाई नियुक्त गर्दै प्रचण्डले आठौं पटक मन्त्रिपरिषद् विस्तार गरेका हुन् । साउदले आइतकार नै पद तथा गोपनियताको शपथ लिएका छन् ।

बिभिन्न मन्त्रालयहरु प्रधनमन्त्रीको जिम्मेवारीमा छन् । प्रधानमन्त्रीको भारत भ्रमणका लागि परराष्ट्रमन्त्री नियुक्त भएका छन् । तर, अझै मन्त्रिपरिषदले पूर्णता पाउन सकेको छैन ।

सत्तारुढ गठबन्धनमा १० वैशाखको उपचुनावपछि मात्र मन्त्रिपरिषद् विस्तार गर्ने समझदारी भएको थियो । तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रस्तावित भारत भ्रमणको तयारीका लागि तत्काल परराष्ट्रमन्त्री नियुक्त गरिएको हो । गत पुस १० गते प्रधानमन्त्री बनेका प्रचण्डले १७ चैतमा सातौं पटक मन्त्रिपरिषद विस्तार गरेका थिए । त्यतिबेला ५ वटा मन्त्रालय प्रधानमन्त्री प्रचण्ड आफैं सम्हालेका थिए । साउद परराष्ट्रमन्त्री बनेपछि पनि सरकार अझै अपुरो छ । प्रधानमन्त्री प्रचण्डसँग अझै चार मन्त्रालय बाँकी छन् । तदर्थ सरकार रहेको भनी टिप्पणी गर्नेहरुलाई बल पुग्नेगरी नवनियुक्त परराष्ट्रमन्त्री साउदको अभिव्यक्ति भएको छ । पदभार ग्रहणपछि परराष्ट्रमन्त्री साउदले प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणको तयारी सुरु गरिहाल्ने बताएका छन् ।

नियुक्ति नै प्रधानमन्त्रीको भारत भ्रमणका लागि भनेर टिप्पणी भइरहेका बेला पद तथा गोपनीयताको शपथ लिएपछि सिंहदरबारस्थित परराष्ट्र मन्त्रालयमा पदबहाली गर्दै मन्त्री साउदले प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका लागि छलफल अगाडि बढाउने बताएका हुन् । 'हामी छलफल अगाडि बढाउछौं । भर्खरै म कार्यालय आएको छु, त्यसमा संलग्न कर्मचार ीसँग ब्रिफिङ लिएर (प्रधानमन्त्रीको भारत भ्रमणको प्रयासलाई) अगाडि बढाउँछु' उनले भनेका छन् ।

प्रचण्डले प्रधानमन्त्रीका रूपमा पुस ११ मा शपथ लिँदा अघिल्ला दुई कार्यकाललाई >>> पृष्ठ २ मा



# 'मिटरब्याज पीडितप्रति सरकार गम्भीर भएन'

सरकारले वार्तामा वोलाएर संघर्ष समिति र वार्ता टोलीबीच ५ बुँदे सहमति गऱ्यो । शक्तिशाली आयोग गठन गरेर समस्या समाधान गर्ने बताइएपनि हालसम्म ठोस पहल भने हुन सकेको छैन ।

नेपालमा वर्षोदेखि मिटरब्याजको समस्याले जनता पीडित भएपनि न्याय पाउन सकेका छैनन् । विभिन्न वहानामा साहुहरुबाट ठगीएका मिटरब्याज पीडितहरु स्थानीयदेखि संघ सरकारसँग समेत पुगेर पटकपटक न्याय मागिरहेका छन् । तर पनि, न्याय पाउन नसक्ने देखिएपछि विद्रोहस्वरुप तराईको जिल्लाबाट पैदल हिंडेरै उनीहरु काठमाडौं आएर धर्नामा बसे । अनि सरकारले वार्तामा वोलाएर संघर्ष समिति र वार्ता टोलीबीच ५ बुँदे सहमति गऱ्यो । शक्तिशाली आयोग गठन गरेर समस्या समाधान गर्ने बताइएपनि हालसम्म ठोस पहल भने हुन सकेको छैन । सोही विषयमा विगत डेढ वर्षदेखि आन्दोलन गरिरहेका मिटरब्याजविरुद्धका आन्दोलनका अगुवा संघर्ष दाहालसँग मध्यन्ह दैनिकका लागि कान्ति न्यौपानेले गरेको कुराकानीको सम्पादित अंश:

**विस्तृत अन्तर्वार्ता (पृष्ठ २ मा)**

# प्रदूषित शहरमा काठमाडौं

मानवजीवनमा प्रत्यक्ष असर पारेको वायुप्रदूषण नियन्त्रण गर्न कार्ययोजना मात्रै भन्दा पनि बनेको योजना कार्यान्वयन गराउनु सरकारको लागि ठूलो चुनौती बनेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

एयर भिजुअल सूचक आइक्यु एयरले काठमाडौंलाई संसारकै प्रदूषित शहरको पहिलो स्थानमा राखेपछि नागरिकमा त्रास फैलन थालेको छ । बढ्दो शहरीकरण र खानपानका कारण रोगी व्यक्तिहरुको संख्या बढिरहँदा प्रदूषणले मानिसलाई थप अस्वस्थ बनाउने भन्दै सामाजिक सञ्जालमा समेत चिन्ता चुलिएको हो । त्यतिमात्रै होईन, बाक्लो तुवाँलोका कारण भिजिबिलिटी कम हुँदा पोखरा, भरतपुर, तुम्लिङटारलगायत गन्तव्यको उडान समेत प्रभावित भयो ।

अघिल्ला वर्षहरुमा पनि वायुप्रदूषण बढेको भन्दै सरकारले नागरिकलाई घरबाट बाहिर ननिस्किन र केही स्कुलहरु बन्द समेत गरेको थियो । त्यतिमात्रै होईन, सरकारले वातावरणीय रूपमा दिगो यातायात प्रणाली, उद्योग प्रतिष्ठानबाट हुने उत्सर्जन, अस्पताल, घरायसी एवं कृषिजन्य फोहोरको वातावरणमैत्री तवरबाट व्यवस्थापन गर्ने कार्ययोजना पनि बनाएको थियो । त्यस्तै, काठमाडौं उपत्यकामा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना बनाएर ३०० भन्दा बढी भए विपद्को रूपमा लिने जनाएपनि हालसम्म वायुप्रदूषण नियन्त्रणको क्षेत्रमा उल्लेखनीय काम भने हुनसकेको छैन ।

'नेपाल प्रदूषित शहरको पहिलो नम्बरमा आउनु दुखद हो, वर्षेनी वनमा लागेको डढेलो, भारतको उत्तरप्रदेशमा बालिएको गहुँको भुसको धुवाँ र पराल बालेको धुँवाको असरले प्रदूषणमा वृद्धि हुँदै आएको छ । हामीले अहिले गर्नसक्ने जथाभावी प्लाष्टिकजन्य वस्तु र फोहोर बाल्न नदिने हो सरकारले प्रदूषण नियन्त्रणको लागि महत्वपूर्ण प्रयास गरेपनि भारतको समेत असर नेपालमा देखिदाँ समस्या भएको छ' वन तथा वातावरण मन्त्रालयका प्रवक्ता मेघनाथ काफ्लेले भने । उनले सकेसम्म घरबाहिर ननिस्किन र निस्कनै परे मास्कको प्रयोग गरेर निस्कन सुझाव समेत दिएका छन् ।

> नेपाल प्रदूषित शहरको पहिलो नम्बरमा आउनु दुखद हो, वर्षेनी वनमा लागेको डढेलो, भारतको उत्तरप्रदेशमा बालिएको गहुँको भुसको धुवाँ र पराल बालेको धुँवाको असरले प्रदूषणमा वृद्धि हुँदै आएको छ । हामीले अहिले गर्नसक्ने जथाभावी प्लाष्टिकजन्य वस्तु र फोहोर बाल्न नदिने हो । सरकारले प्रदूषण नियन्त्रणको लागि महत्वपूर्ण प्रयास गरेपनि भारतको समेत असर नेपालमा देखिँदा समस्या भएको छ ।
>
> **मेघनाथ काफ्ले**
> *प्रवक्ता*
> *वन तथा वातावरण मन्त्रालय*

वर्षेनी वायुप्रदूषण नियन्त्रणका लागि सरकारले कार्ययोजना र नीति बनाएपनि पूरा हुननसक्दा झनै प्रदूषण बढेको विज्ञहरुले बताउँदै आएका छन् । 'वायु प्रदूषण कम गर्न सरकारले विभिन्न कार्ययोजना वा विभिन्न समिति बने पनि काम भने उत्साहजनक हुन सकेको छैन, तसर्थ सरकारले छिट्टै विद्युतीय सवारीसाधन विस्तारदेखि इँटा भट्टामा नयाँ प्रविधि ल्याउने >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सरकारले व्यापार गर्ने होइन, सहजीकरण गर्ने हो : श्रममन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ वैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित पेशाका रूपमा विकास गर्न आफू वैदेशिक रोजगार व्यवसायीहरूसँग खुलारूपमा छलफल गरेर नीतिगत सुधारका लागि अघि बढ्न तयार रहेको बताएका छन् ।

मन्त्रालयको जिम्मेवारी सम्हालेपछि पहिलोपटक आइतबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँगको समन्वयमा वैदेशिक रोजगार बोर्ड सचिवालयले आयोजना गरेको व्यावसायिक क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै




मन्त्री भण्डारीले उक्त धारणा राखेका हुन् ।

मन्त्रिपरिषद विस्तारमा आफू श्रम मन्त्री बन्ने तयारी भएपछि परिवारका सदस्य र शुभेच्छुकहरूले किन श्रम मन्त्रालय जाने ? भनेर प्रश्न उठाइएको स्मरण गर्दै मन्त्री भण्डारीले वर्तमान अवस्थामा रेमिट्यान्स महत्वपूर्ण विषय भएकाले व्यवसायीको आत्मसम्मान र श्रमिकको श्रमको सम्मान गर्ने विषयलाई राष्ट्रिय अभियानका रूपमा विकास गर्न आफूले मन्त्रालयको नेतृत्व लिएको बताए । आफूले व्यवसायीहरूलाई परिवारभित्रको सदस्यका रूपमा मानेको र प्रमुख स्टेक होल्डरका रूपमा खुलेर कुरा गर्नुपर्ने तथा मन्त्रालय र व्यवसायी एकअर्कालाई सम्मान गरेर अघि बढ्नुपर्ने मान्यतामा आफू रहेको मन्त्री भण्डारीले बताए । खुला बजार अर्थतन्त्रमा सरकारले सहजकर्ता र व्यवसायीले व्यवसाय गर्नुपर्ने पक्षमा आफू अडिग रहेको भन्दै मन्त्री भण्डारीले सरकारले व्यवसाय गर्न नहुने आफ्नो भनाइ दोहोऱ्याए ।

मन्त्री भण्डारीले कहिलेकाहीँ निजी क्षेत्र र सरकारी पक्षबीच >>> पृष्ठ २ मा

**VACANCY**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants.

Designation : Accountant
No of Requirements : 1 Male
Required Qualification : BBS Clear
Salary : Negotiable
Experience : Minimum 2 Years of work experience in related field

CHANDRAKAMNA MANPOWER P. LTD.
Ratopul, Gaushala Kathmandu, Nepal
Tel : 01-4542876, 9851083561 | Email : chandrakamna05@gmail.com
www.chandrakamanamanpower.com

# बारामा उपेन्द्रलाई कति सहज ?



**पासाङ शेर्पा/मध्यान्ह**
काठमाडौं, ३ वैशाख

देशका ३ वटा क्षेत्रमा यतिबेला उपनिर्वाचनको रौनक छाएको छ । मंसिरमा सम्पन्न निर्वाचनपछि खालिरहेका तीन क्षेत्रमा यही वैशाख १० गते उपनिर्वाचन हुन लागेको हो । तीन निर्वाचन क्षेत्रमध्ये एक क्षेत्र हो मधेश प्रदेश अन्तर्गत बाराको क्षेत्र नम्बर २ ।

यहाँबाट निर्वाचित सांसद रामसाय प्रसाद यादव उपराष्ट्रतिमा निर्वाचित भएसँगै खाली भएको क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । यही क्षेत्रमा मधेश आन्दोलनबाट उदाएका एक व्यक्ति उपेन्द्र यादव पनि चुनावी मैदानमा छन् । मधेशी जनअधिकार फोरमबाट मधेशको राजनीतिमा सक्रिय यादव मधेशबाट लगातार रुपमा निर्वाचन जित्दै आएका नेताहरुमा पर्छन् ।

मंसिरमा भएको निर्वाचनमा भने उनी पराजित हुन पुगे । अहिले उपनिर्वाचनबाट पुनः संसदमा पुग्ने योजनाका साथ मैदानमा होमिएका नेता यादव बाराको क्षेत्र नम्बर २ बाट निर्वाचन लड्दै छन् । जनता समाजवादी पार्टीका अध्यक्षसमेत रहेका यादवले आफू तराइ मधेशको हकहितका लागि सधैं लडेको भन्दै यतिबेला चुनावी अभियानमा छन् ।

बाराको कलैयामा आयोजित जनता दर्शन कार्यक्रमलाई सम्बोधन गर्दै यादवले भने, 'जातीय र साम्प्रदायिक नारा लगाएर समाजमा हिंसा भड्काउन खोज्ने तत्वहरुलाई भोटमार्फत् जवाफ दिनुस ।'

राजनीतिका कुरा गरेर जनतालाई भड्काउने र सामाजिक एकता विथोल्नेहरुबाट सावधान रहन उनले आग्रह गरे । कृषि क्रान्तिको लागि सिंचाई, मल, बिउबिजनको सहजताका साथै कृषिमा आधुनिकीकरण गरी कृषिलाई सबल बनाएर मात्रै देशको अर्थतन्त्र बलियो हुने यादवको भनाइ छ ।

बारा क्षेत्र नम्बर २ को विकासका लागि आफू सधैं सक्रिय हुने बताउँदै आएका यादवले यसलाई उपनिर्वाचनलाई अवसरका रुपमा हेरेका छन् । उनका सहकर्मीहरु उनलाई गतिशिल र प्रगतिशित व्यक्तिका रुपमा चित्रण गर्छन् । मधेशका विषयमा उपेन्द्र निकै गतिशिल व्यक्ति भएको जसपाका नेता जितेन्द्र सोनमको भनाइ छ ।

नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री अजय प्र.चौरसियाले उपेन्द्र तराइ क्षेत्रको विकासका लागि उपयुक्त व्यक्ति भएको बताउँछन् । नेपाली कांग्रेसका जिल्ला अध्यक्ष राजेश यादव उपेन्द्र मधेशको पहिचान भएको बताउँछन् ।

# 'मिटरब्याज...

**तपाईंहरुको माग पूरा भएको हो ?**

होइन, हाम्रो माग पूरा भएको छैन अहिलेको लागि स्थगन भएको मात्रै हो । अहिले सरकारले हाम्रो माग बमोजिम नै विशेष अदालतका पूर्व अध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको छ । पीडितको समस्या समाधानका लागि अधिकार सम्पन्न आयोग गठन गरेर जनकपुरबाटै काम गर्ने निर्णय सकारात्मक छ । अब, उक्त आयोगले सत्यतथ्य छानबिन गरेर तमसुक व्यवस्था खारेज गर्ने, कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने, मिटरब्याजीको ऋण तिर्दा पनि तमसुक फिर्ता नगरी उल्टै मुद्दा लगाएर जेल पठाइएका पीडितलाई रिहा गर्ने र यौन शोषण गर्ने मिटरब्याजीलाई कारबाही गर्ने लगायतका माग पूरा भए हामी समर्थन गर्छौं । अन्यथा सरकारको विरुद्धमा थप कडा आन्दोलन गर्न हामी बाध्य हुनेछौं ।

**तराईका जिल्लामा कस्ता/कस्ता प्रकृतिका मिटरब्याज समस्या रहेछन् ?**

मिटरब्याज सामन्तवादको एक अवशेष हो । जसले मधेशमा तल्लो तह र तप्काका आम मानिसको जीवनलाई बर्बाद पारेको रहेछ । तसर्थ, हामीले जिल्ला प्रशासन कार्यालय, महोत्तरी र मधेस प्रदेश सरकारलाई दुई पटक मागपत्र बुझाउँदा पनि पीडितहरुको माग सम्बोधन नगरेकोले न्यायका लागि महोत्तरीको बर्दिबासबाट पैदल यात्रा सुरु गरेका थियौं । हामीले मिटरब्याजी विरुद्ध अभियान चलाउँदा एक लाख २० हजार ऋण लिएको व्यक्तिको कागजमा एउटा शून्य बढी थपेर १२ लाख ऋण लिएको बनाइएको समेत पाइएको छ । त्यस्तै, कसैलाई ऋण दिने त्यसपछि जग्गा रोक्का राखिदिने र मिति तथा रकम नलेखेको चेकमा हस्ताक्षर गराएर छोड्ने, बैकिंङ्ग कसुरमा फसाउने र कसैलाई दिएको रकमभन्दा दोबर रकमको कागजपत्र बनाएर ठगिएको छ भने कसैलाई दृष्टिबन्धक राखेको भनेर झुक्याएर जग्गापास गर्ने कागजमा हस्ताक्षर गराउने समेत भएको देखिन्छ । त्यस्तै, जग्गा लिलाम गराउने र महिलाहरुमाथि यौनशोषण गर्नेसम्मका घटना देखिएको छ । मिटरब्याजीहरूले निरक्षर, गरिब तथा आर्थिक रुपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिहरुसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनजदेनभन्दा बढीको तमसुक/कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुष्चक्रमा फसाई विभिन्न ढंगले शोषणसमेत गर्ने गरेको तसर्थ, तराईसहित देशका धेरै ठाउँमा जरो गाडेको मिटरब्याजी समस्यालाई न्यूनीकरण गर्नु अपरिहार्य देखिन्छ ।

**मिटरब्याजमा ठूला कर्मचारी र नेताहरु संलग्न छन् भनिन्छ नि ? त्यस्तो पाइयो ?**

अवश्य पनि, सोही कारणले पनि मिटरब्याजीको समस्या वर्षो देखि समाधान भएको छैन । निर्वाचित जनप्रतिनिधि, निवर्तमान जनप्रतिनिधि र उच्चस्तरका नेताकै यसमा संलग्नता पाइएको छ । जसले गर्दा निष्पक्ष छानबिन, कारबाहीको प्रक्रिया र मुद्धा अघि बढाउने काम हुन सकेको छैन । तसर्थ, अब गठित आयोगले निष्पक्ष तरिकाले काम गरेर दोषीमाथि कडाभन्दा कडा कारबाही गरेर पीडितको रकम र जग्गा फर्काउनु आवश्यक देखिन्छ । तबमात्रै पीडितले न्यायको प्रत्याभूति गर्नसक्लान् । अन्यथा पहुँचवाला व्यक्तिको थिचोमिचो कायमै नरहला भन्न सकिन्न ।

**अब, अन्त्यमा मिटरब्याजी समस्या समाधानका लागि के गर्नुपर्ला ?**

हेर्नुस्, हामीले वार्ता टोली गठन गरेर छलफल गरेपनि सरकारले हाम्रो चाहाना बमोजिम पीडितलाई न्याय दिन पहल गरेको छैन । सुरुमा त गठन भएको आयोगले निष्पक्ष काम गर्नुपर्यो । पीडितहरुको समस्या समाधानका लागि दोषीलाई कडाभन्दा कडा कारबाही गर्ने, मिटरब्याजीलाई पावरका आधारमा भन्दापनि अपराधका आधारमा सजाय दिनुपर्यो । त्यस्तै, धेरै दिदीबहिनीमाथि शोषण भएको छ तिनलाई कारबाही गनुपर्यो र न्याय दिलाउनुपर्यो । अझैपनि सहरदेखि गाउँसम्म शोषण गर्नेहरु मौलाईरहेका छन् तिनलाई नियन्त्रण गर्ने र पीडितलाई न्याय दिनेतर्फ अग्रसर हुनुपर्यो । अन्यथा नाममा मात्रै सीमित समिति र आश्वासन बनाएर हामी पीडितहरु मान्ने छैनौं बरु सरकारविरुद्ध थप आन्दोलित हुन्छौं ।

## तदर्थ..

बिर्साउने गरी फरक शैली देखाउने प्रतिज्ञा गरेका थिए । तर, अर्थतन्त्र, रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारको विषयमा उनको ध्यान पुग्न सकेको छैन । उनी सरकारलाई पूर्णता दिन नै चार महिनाको अवधिमा व्यस्त रहे ।

दुई महिनामै गठबन्धन बदलिने र प्रधानमन्त्रीले आफ्नो सम्पूर्ण शक्ति विश्वासको मत नवीकरण गर्न लगाउनुपर्ने अवस्थाले प्रशासनिक काम ठप्पजस्तै भएको सम्मन्धित अधिकारीहरु बताउँछन् ।

सरकारले संक्रमणकालीन न्याय सँग सम्बन्धित विधेयक, सम्पत्ति शुद्धीकरण, संवैधानिक परिषद सम्बन्धी विधेयक फासट ट्र्याकमा पारित गर्ने भनिएको थियो । तर, यसबीचमा यी पनि अगाडि बढेका छैनन् ।

चुनावी परिणाम आएपछि सरकारले पूर्णता पाउन समय लागेको यो पहिलो पटक भने होइन । पहिलो संविधानसभा निर्वाचन २०६४ चैत २८ मा भए पनि चार महिनापछि मात्रै देशले नयाँ प्रधानमन्त्री पाएको थियो । २०६५ साउन ३१ मा मात्र दाहाल प्रधानमन्त्री नियुक्त भएका थिए । २०७० मंसिर ४ मा चुनाव भएपनि सरकार बन्न माघ २६ सम्म लागेको थियो ।

संविधान जारी भएपछि पहिलो प्रतिनिधिसभा निर्वाचन २०७४ मंसिर १० र २१ मा भए पनि सरकार भने फागुन ३ मा गठन भएको थियो । अघिल्ला निर्वाचनको तुलनामा यसपालि चाँडै सरकार गठन भए पनि सत्ता सञ्चालनमा अन्योलता कायमै रहँदा समस्या भएको हो ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेल प्रधानमन्त्री नयाँ ढंगले अघि बढ्न खोजिरहेका बेला नयाँ राजनीतिक परिस्थिति निर्माण भएकाले सरकारको काममा असर परेको बताउँछन् । तर, अब परिस्थिति काम गर्ने खालको बनेर गएको उनको विश्वास छ । भन्छन्, 'प्रधानमन्त्री नयाँ ढंगले अघि बढ्न खोजिरहेका बेला नयाँ राजनीतिक परिस्थिति निर्माण भएकाले सरकारको काममा असर परेको हो । तर, अब परिस्थिति काम गर्ने खालको बनेर गएको छ ।'

## प्रदूषित...

लगायतका प्रयासहरू दीर्घकालीन रूपमा लागू गर्नुपर्छ,' वातावरणविद् भूषण तुलाधरले भने । उनले फोहोर बाल्ने काममा नियन्त्रण, बढी धुँवा निकाल्ने सवारीमा कडाई, विद्युतीय सवारीको प्रयोगमा जोड दिनुपर्ने र जनचेतनाको व्यापक वृद्धि गनुपर्नेमा जोड दिएका छन् ।

पछिल्ला दिनमा बढ्दो प्रदूषणबाट दम, खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी बिरामी र मुटुका रोगीहरू बढिरहेको चिकित्सकहरुले पनि बताउँदै आएका छन् । तर पनि, प्रदूषण बढाउनेखालका गतिविधि सरकार र जनस्तरबाट रोकिन नसक्दा काठमाडौं झनै प्रदूषित बनेको छ । जसले गर्दा स्वस्थ मानिसमा पनि श्वासप्रश्वास र मुटुको समस्या देखिन थालेका छन् । मानवजीवनमा प्रत्यक्ष असर पारेको वायुप्रदूषण नियन्त्रण गर्न कार्ययोजना मात्रै भन्दा पनि बनेको योजना कार्यान्वयन गराउनु सरकारको लागि ठूलो चुनौती बनेको छ ।

## सरकारले...

स्वार्थको द्वन्द्व हुने विषयमा वैदेशिक रोजगार बोर्डले सहजकर्ताको भूमिकामा आई परिस्थितिमा सामान्यीकरण गर्नुपर्ने धारणा पनि राखे ।

मन्त्री भण्डारीले गैरसरकारी संस्थाले मात्रै च्यारिटी अर्थात् निःशुल्क सहयोग गर्ने अवस्थामा व्यवसायीबाट च्यारिटीको अपेक्षा गर्न नसकिने भएपनि व्यवसायी वैदेशिक रोजगारमा कामदार पठाउँदा एउटा परिधिभित्र रहनुपर्ने सुझाव दिए । मन्त्री भण्डारीले भने, 'हाल कामदारबाट दश हजारमात्रै लिने भनेका छौं, तर कति रकम उठेको छ ? त्यसले यो क्षेत्र कति बद्नाम भयो ? यस विषयमा व्यवसायी इमानदार हुन जरुरी छ ।'

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने केही संस्था राख्ने वा नराख्ने विषयमा नेपाल सरकारले निर्णय गर्नुपर्नेमा विदेशीले नेपालको सार्वभौमसत्तामा हस्तक्षेप गरेर निर्णय गरेको भन्दै आफू त्यस्ता प्रवृत्तिको विपक्षमा उभिने बताए । त्यसैगरी मन्त्री भण्डारीले विदेशमा अवैधानिक भएर बसेकालाई ल्याउन पहल गर्ने तथा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा महालेखा परीक्षकको कार्यालयले दिएको सुझावअनुसार अपडेट गरेर सुधार गर्ने पनि बताए ।

**सुधारको योजनामा व्यवसायीको असहयोग**

कार्यक्रममा श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले ऐन, कानून तथा नीति नियमहरूमा समयसापेक्ष सुधार गर्न मन्त्रालय अग्रसर रहेको बताए । विगत एक वर्षयता वैदेशिक रोजगार प्रशासनलाई प्रविधिमैत्री बनाई फेसलेस, पेपरलेस, क्यासलेस बनाएर निरंकुश अर्थात् 'अटोक्र्याटिक' चिन्तन भन्दा प्रजातान्त्रिक शैलीमा सुधार गरेर जान उच्चस्तरको प्रयास भइरहेको जानकारी दिए ।

सचिव अर्यालले मन्त्रालयले अघि बढाएका सुधारका एजेण्डामा वैदेशिक रोजगार व्यवसायीले पनि एकाकार भएर अघि बढ्ने सकारात्मक सोचका साथ प्रण गर्नु आवश्यक रहेको उल्लेख गरे । सचिव अर्यालले एक वर्षयता विभागको अनलाइन प्रणाली (फेमिस)लाई मुलुकका ७ सय ५३ वटा पालिका पुर्‍याएर व्यक्तिगत र पुनः श्रम स्वीकृति दिने र विदेशस्थित नियोगहरूबाट पनि पुनः श्रम स्वीकृति प्रदान गरेर मन्त्रालयलाई कामदार मैत्रीपूर्ण बनाउने योजना कार्यान्वयन गरिरहेको बताए ।

मुलुकमा रेमिट्यान्सको योगदान कुल ग्राहस्थ उत्पादन (जीडीपी)को २८ प्रतिशतसम्म पुगेकाले वैदेशिक रोजगार क्षेत्रलाई उच्च प्राथमिकताका साथ सुधार गर्न जरुरी रहेको पनि सचिव अर्यालले बताए । हाल संस्थागतरूपमा १ सय ११ र व्यक्तिगतरूपमा १ सय ७६ देशमा नेपाली वैदेशिक रोजगारमा गइरहेकाले वैदेशिक रोजगारको क्षेत्रलाई अझ फराकिलो बनाउँदै नेपालसँग दौत्य सम्बन्ध कायम भएका सबै मुलुकमा खोल्दा के हुन्छ भनी मन्त्रालयबाट अध्ययन भइरहेको र छिट्टै निर्णयमा पुग्ने सचिव अर्यालले जानकारी दिए ।

मागपत्र समयमा प्रमाणित नहुने र श्रम स्वीकृतिको प्रक्रियामा हालको अनावश्यक झन्झट हटाउन नसकेमा नेपालले अन्तरर्ाष्ट्रिय श्रम बजारमा कामदार पठाउने प्रक्रियामा सफलता पाउन नसक्ने बुझाइमा मन्त्रालय रहेको सचिव अर्यालले बताए ।

उनले भने, 'बंगलादेशाट दुई हप्ता, भारतबाट डेढ महिनामा कामदार गइरहेको तर हामीले ६ महिना लगाउने गरेका छौं । विदेशीले नेपाली कामदार कुर्नुपर्ने कारण छैन । कम्तीमा ४५ दिनभित्र श्रमिकहरु गन्तब्य मुलुकमा पुग्ने व्यवस्था गरिनुपर्ने मान्यतामा मन्त्रालय छ । डिमाण्ड एक्सटेन्सनमा व्यवसायीलाई दुःख भएको महसुस गरेका छौं । युरोपमा निर्माण र पुनर्निर्माणको क्षेत्रमा रहेका मागपत्र समयमा प्रमाणीकरण नहुँदा रोजगार आकांक्षी युवायुवती केही व्यवसायी र कन्सल्ट्यान्सीबाट गएका छन् । यी सबै समस्याको छिटोभन्दा छिटो समाधान होस् भनेर मन्त्रालयले चाहेको छ ।'

वार्षिक एक सय जना कामदार अनिवार्यरूपमा पठाउनै पर्ने वैदेशिक रोजगार ऐनका बाध्यता अन्तर्राष्ट्रिय श्रम संगठनको मान्यता (फोर्स लेवर) पठाउनु हुँदैन भन्ने विपरीत मात्रै नभएर जसरी पनि सय जना पुर्‍याउनु पर्ने बाध्यताले अनुचित प्रतिस्पर्धा बढाएकोले यसलाई परिवर्तन गर्न मन्त्रालय लागिपरेको समेत उनले बताए ।

सचिव अर्यालले वैदेशिक रोजगार व्यवसायमा लामो समयदेखि रहेका समस्या समाधान गर्न मन्त्रालय सकारात्मक रहेको भएपनि कतिपय अवस्थामा व्यवसायी नै सुधारका लागि असहयोगी देखिएको गुनासो गरे । शून्य लागतमा गएका कामदारको विवरण माग्दा विवरण नदिनेसँग कसरी सहकार्य हुन सक्छ ? प्रश्न उठाउँदै सचिव अर्यालले भने, 'संघले सरकारसँग मात्रै नभएर सुधारका लागि व्यवसायीबाट पनि प्रतिवद्धता लिनुपर्छ । शून्य लागतमा ५० हजार बढी गएको पाइयो, यो सुधारको यात्रामा राम्रो काम हो, तर यसलाई बिगार्न भएन, संघले आचारसंहिता बनाएर व्यवसायीबाट त्यसको पालना गर्ने प्रतिबद्धता लिनुपर्छ ।'

सचिव अर्यालले शैक्षिक कन्सल्ट्यान्सीले अनुचितरूपमा जोखिमपूर्ण तरिकाले भिजिटमा युवायुवतीलाई विदेश पठाएर मात्रै व्यवसायी बद्नाम नभएको भन्दै अनुचितरूपमा युवायुवतीलाई विदेश पठाउनेमा केही व्यवसायी पनि सक्रिय रहेको दाबीसमेत गरे ।

'मन्त्रालयले सञ्चालन गरेको कल सेन्टरमा व्यवसायीविरूद्ध व्यवसायीले नै उजुरी गरेका छन् । अनधिकृतरूपमा अन्तरवार्ता लियो, ठगी गर्‍यो भनी दैनिक उजुरी आइरहेको छन्,' सचिव अर्यालले व्यवसायीहरूलाई प्रश्न गरे, 'पाँच हजार रिङ्गेट खर्च गरेर मलेसिया वा अन्य देशबाट डिमाण्ड किन्नुपर्ने अवस्था कसरी आयो ? यसको जवाफ व्यवसायीले दिनुपर्छ कि पर्दैन ?'

व्यवसायीले निरन्तररूपमा उठाउँदै आएको सेवा शुल्कको विषयमा व्यवसायी आवश्यकताअनुसार इमान्दार नहुँदा सुधार गर्न मन्त्रालयमा हिचकिचाहट उत्पन्न भएको पनि सचिव अर्यालले खुलासा गरे । 'सेवा शुल्कमा किन स्थापित हुन सकिएन ?' व्यवसायीतर्फ अर्को प्रश्न तेर्साएर सचिव अर्यालले भने, 'कामदारको एक महिनाको तलब बराबरको रकम सेवा शुल्कबापत लिने व्यवस्था भए थप रकम लिईंदैन भन्ने आधार छैन । व्यवसायीबाट अनुचितरूपमा थप रकम उठाइने छैन भन्ने भरपर्दो आधार फेला परे फिलिपिन्स, भियतनामलगायतको अनुभवको आधारमा निर्णय गरिने छ ।' फेमिसको प्रयोगपछि सबै विषयमा पारदर्शिता भएपनि व्यवसायी अहिलेसम्म पनि दुईवटा करारपत्र दिने पुरानै तरिका अपनाएको उनले टिप्पणी गरे । उनले भने, 'फेमिसमा रोजगारदातासँग भएको करारपत्र अपलोड हुने गरेकोमा कतिपय व्यवसायीले तलब बढाएर अर्को करारपत्र दिने गरेको पाइएको छ, यसमा पनि व्यवसायी सचेत हुनुपर्ने छ । अब झुक्याउन सकिँदैन भन्ने बुझ्नुपर्छ ।'

सचिव अर्यालले वैदेशिक रोजगारमा जाने कामदारलाई सामाजिक सुरक्षा कोषका कार्यक्रममा समेटेर लैजाने योजना कार्यान्वयन गरिरहेको भन्दै भविष्यमा वैदेशिक रोजगारमा जाने कामदरहरू र फर्केर उद्यम गर्नेहरूलाई ऋण दिने भएकाले वैदेशिक रोजगारीमा जाने र नेपालमा म्यानपावर कम्पनीमा कार्यरत कर्मचारीलाई कोषमा सहभागी गराउने कार्यमा सहयोग गर्न व्यवसायीसँग आग्रह गरे ।

**मासिक ९ करोड उठाएको दाबी**

वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले चैत मसान्तसम्म ६ लाख २० हजार १ सय ५० जना म्यानपावर कम्पनी, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिबाट वैदेशिक रोजगारमा गएको भन्दै नेपालीको वैदेशिक रोजगार समय र लागतको हिसाबले महँगो भइरहेको बताए ।

'श्रमिकको लागत अत्यधिक छ,' महानिर्देशक आचार्यले भने, 'वैधानिकरूपमा १० हजार लिनु पर्नेमा ४ लाखसम्म उठाउने गरेको गुनासो छ । गुनासो लिएर विभाग गए वैदेशिक रोजगारीमा जान पाइँदैन भन्ने त्रास विमानस्थल पुगेका कामदारमा देखिन्छ, स्थिति असामान्यतर्फ गईरहेको हो कि भन्ने अवस्थामा विभाग पुगेकाले सुधारको विकल्प छैन । व्यवसायीहरू गम्भीर हुनैपर्ने अवस्था आएको छ ।'

हाल दैनिक ३० करोड र एक महिनामा ९ अर्ब रूपैयाँ वैदेशिक रोजगारमा जाने कामदारबाट उठाउने गरेको तर जनशक्तिको अभावमा प्रभावकारी अनुगमन र कारबाही हुन नसकेको पनि महानिर्देशक आचार्यले खुलासा गरे । महानिर्देशक आचार्यले एजेन्ट निर्मुलीकरण गर्न व्यवसायीलाई शाखा सञ्चालनको अनुमति दिएको तर शाखा सञ्चालनबाट पनि समस्याको समाधान नभएको बताए । उनले भने, 'विदेशमा अलपत्र परेका कामदार उद्धार गर्न म्यानपावर कम्पनीको केन्द्र सक्रिय नभएको गुनासो छ । पैसा नतिरेपछि उद्धार हुँदैन भन्ने सिकायत बढेको छ ।'

व्यक्तिगत ठगीले विभागको तनाब बढाएको बताउँदै महानिर्देशक आचार्यले अगाडि भने, 'व्यक्तिगत ठगीमा एजुकेसन कन्सल्ट्यान्सी, ट्राभल्स, बीमा कम्पनीका शाखा लाग्ने गरेको र उनीहरूले लामो समय राहदानी होल्ड गर्ने गरेको भएपनि उनीहरूलाई कारबाही गर्न विभागलाई ऐन कानूनले अधिकार नदिएका कारण समस्या रहेको छ ।'

महानिर्देशक आचार्यले वैदेशिक रोजगार कम्पनी दर्ता गर्दा व्यवसायीले वार्षिक तीन हजार कामदार पठाउने लक्ष्य राखेपनि हाल कायम ८ सय ५० म्यानपावर कम्पनीले औषतमा ९ सय कामदार पठाएको अवस्था देखिएको भन्दै कामदार पठाउन नसक्ने व्यवसायी वैदेशिक रोजगार ऐनको दफा ११ अनुसार मर्जरमा गए व्यावसायिक क्षमता बढ्ने सुझाव दिए ।

यस्तै कार्यक्रममा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले म्यानपावर कम्पनीमा आवद्ध कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन आग्रह गरे ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले मन्त्रालय, विभाग र बोर्ड सहकार्य गरेर व्यवस्थित, मर्यादित र सुरक्षित गर्न क्षमता अभिवृद्धि हुने धारणा राखे । अध्यक्ष भण्डारीले संख्या सय कसैको हितमा नरहेकाले यो व्यवस्था हटाएर व्यवसायीलाई राहत दिन, मागपत्र प्रमाणित व्यवस्थित गर्न, व्यवसायी भलाइ कोषबाट राहत दिन, फ्रि भिसा फ्रि टिकटको निर्णयले सरकार, व्यवसायी र कामदार कसैलाई फाइदा नभएकाले एक महिनाको तलब बराबरको रकम सेवा शुल्क तोक्न तथा श्रमिक अस्पताल स्थापनाका कार्यक्रम ल्याउन माग गरे । अध्यक्ष भण्डारीले विभागले गर्ने अनुगमनमा वैदेशिक रोजगार प्रतिनिधि राख्नुपर्ने मागसमेत गरे ।

संघका महासचिव मेघनाथ भुर्तेलले स्वागत मन्तव्य राखेको उद्घाटन कार्यक्रममा मन्त्री भण्डारी तथा सचिव अर्यालले संघले नयाँ वर्ष २०८० का अवसरमा प्रकाशन गरेको क्यालेन्डर विमोचन गरेका थिए ।

व्यवसायीलाई अनिवार्य गरिएको दुई दिने क्षमता अभिवृद्धि तालिम अन्तर्गत अंग्रेजी अक्षर ए देखि एलसम्म अल्फाबेट भएका सञ्चालकले आइतबार प्रशिक्षण लिएका छन् भने सोमबार बिहान १० बजेबाट एमदेखि जेडसम्म अल्फाबेट हुने कम्पनीका सञ्चालकले प्रशिक्षण लिनेछन् ।

**लेटाङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मोरङ, कोशी प्रदेश, नेपाल

**नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।

**श्री भूपेन्द्र कुमार लावती**
प्रमुख

**श्री कृष्ण कुमारी पोखेल निरौला**
उपप्रमुख

**लेटाङ नगरपालिका, कोशी प्रदेश, मोरङ, नेपाल**

**ROMANIA र साइप्रसमा रोजगार |** कम्पनी: PEOPLE HOUSE INTERNATIONAL SRL
शहर: ROMANIA,NICOLAE

पुर्व स्वीकृत मिति: २०७९/१२/२० चलानी नं.: ६०१९९३५० LT. No.: 283877 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 25 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७२,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hospitality Worker | 10 | 20 | | 600 | ७८,७०२ | | | | | | | |
| 3. | Construction Worker | 25 | 0 | | 700 | ९१,८१९ | | | | | | | |
| 4. | General Worker | 20 | 0 | | 550 | ७२,१४४ | | | | | | | |

अन्तर्वार्ता तामा होटल, विर्तामोड, झापामा २०८० वैशाख ११ गते (24 April 2023) मा हुनेछ ।
मेनपावर शाखा कार्यालय इटहरी, सुनरीमा २०८० वैशाख १२ गते (25 April 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख १३ गते (26 April 2023) मा हुनेछ ।

कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. शहर: Cyprus, LARNACA
पुर्व स्वीकृत मिति: २०७९/११/१५ चलानी नं.: ६०१९७२६६ LT. No.: 281715 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 2 | 2 | सम्बन्धित काममा दक्ष | 465 | ६४,७९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८५,२८२ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 800 | १११,४८० | | | | | | | |
| 4. | DOMESTIC WORKER | 0 | 5 | | 315 | ४३,८९५ | | | | | | | |
| 5. | Waiter/Waitress | 4 | 4 | | 787 | १०९,६६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं, शाखा कार्यालय इटहरी, सुनसरी, तामा होटल, विर्तामोड, झापा र पूर्वाञ्चल ट्रेनिङ्ग सेन्टर, दमक झापामा २०८० वैशाख १३ गते (26 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १४६९/०७४/०७५

**Mobhira Recruitment Consultancy Services (P.) Ltd.**
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल,
फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३८३७०२०,९८२३४८६६८२
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

सेक्युरिटी प्रिन्टिङ प्रेसमा घोटाला

# सुरक्षण मुद्रण कोषका कार्यकारी निर्देशकसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, वैशमख

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेक्युरिटी प्रिन्टिङ प्रेसको खरिदमा घोटाला गरेको अभियोगमा नौ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलसहित नौजनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । उनकाअनुसार उनीहरूविरुद्ध ६९ करोड माग दाबी गर्दै मुद्दा दायर गरिएको हो ।

निर्देशक पौडलसहित सीडीआई इन्जिनियरिङ मार्केटिङ कन्सर्न प्रालि, मेपटेक बिल्डिङ सर्भिसेस प्रालि, परामर्शदाता वास्तुशिल्प एसोसिएट्सका निर्देशकसहित नौजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

आयोगले पौडलविरुद्ध रु ६९ करोड आठ लाख ८१ हजार आठ सय ५४ माग दाबी गरेको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट सुरक्षण मुद्रण केन्द्रमा प्रतिनिधि बनेका तथा हाल वन तथा वातावरण मन्त्रालयमा कार्यरत नवीनकुमार पोखरेलविरुद्ध रु ४९ करोड ४६ लाख ३५ हजार नौ सय ४५ माग दाबी गरिएको छ ।

त्यस्तै, सहायक निर्देशक तथा तत्कालीन सुरक्षण मुद्रण केन्द्रका प्रतिनिधि तथा हाल राष्ट्रिय सूचना प्रविधि केन्द्रमा कार्यरत रमेशप्रसाद पोखरेलविरुद्ध रु २० करोड ३८ लाख ९३ हजार आठ सय २७ बिगो माग दाबी गरिएको छ ।

तत्कालीन सुरक्षण मुद्रण केन्द्रका शाखा अधिकृत हाल राष्ट्रिय समावेशी आयोगमा कार्यरत मणिकमान महर्जनविरुद्ध रु तीन करोड ४४ लाख ६८ हजार सात सय २९ माग दाबी गरिएको छ ।

हाल लेखा अधिकृतबाट अवकाश पाएका तत्कालीन सुरक्षण मुद्रण केन्द्रका रामबहादुर बुढाविरुद्ध रु १९ करोड ८८ लाख ९४ हजार दुई सय ८९, तत्कालीन सुरक्षण मुद्रण केन्द्र तथा हाल जिल्ला समन्वय समिति काठमाडौँमा कार्यरत शाखा अधिकृत शिरिष उपाध्यायविरुद्ध रु ४० करोड एक लाख ३९ हजार सात सय ३६ माग दाबी आयोगले गरेको छ ।

इन्जिनियरिङ मार्केटिङ कन्सर्न प्रालिका प्रबन्धक निर्देशक रोहितमान प्रधानविरुद्ध रु २३ करोड ४४ लाख ९६ हजार नौ सय २१, मेपटेक बिल्डिङ सर्भिसेस प्रालिका निर्देशक भुवन महर्जनविरुद्ध रु ४३ करोड ५७ लाख ४२ हजार तीन सय ६८ र परामर्शदाता वास्तुशिल्प एसोसिएट्सका प्रबन्ध निर्देशक मित्रलाल गुरौँविरुद्ध रु आठ लाख ६९ हजार ९७ माग दाबी गरिएको छ ।

सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा मिलेमतो गरी कमिसन लिएर ठेक्का दिएको भन्ने उजुरी परेपछि अख्तियारले अनुसन्धान गर्दा अस्वाभाविक लागत राखेर मिलेमतोमा खरिद गरी करोडौं घोटाला गरिएको पुष्टि भएपछि मुद्दा दायर गरेको प्रवक्ता दाहालले जानकारी दिए ।

यसैबीच आयोगले बीस हजार रुपैयाँ घुससहित पक्राउ परेका सशस्त्र प्रहरीका सहायक हवल्दार नगेन्द्र सेनविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगका प्रवक्ता दाहालकाअनुसार सेनविरुद्ध आइतबार विशेष अदालत



काठमाडौंमा मुद्दा दायर गरिएको हो । सडक निर्माणको क्रममा ट्याक्टरमा माटो ओसारपसार गर्दा सेवाग्राहीसँग घुस मागेको सूचना एवं उजुरीका आधारमा बुटवलबाट खटिएको अख्तियारको टोलीले उनलाई बीस हजार रुपैयाँ घुस रकम लिइसकेको अवस्थामा २०७९ फागुन २१ पक्राउ गरेको थियो ।

अनुसन्धानको सिलसिलामा उनले सेवाग्राहीसँग सडक निर्माण गर्ने क्रममा माटो ओसारपसार गर्दा सहजीकरण गरिदिने भनी घुस लिएको पुष्टि भएको अख्तियारले जनाएको छ ।

उनीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम विगो र जरिबानाका साथै सोही ऐनको दफा ३ को उपदफा (१) को (क) बमोजिम कैद सजायको समते मागदाबी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता दाहालले जानकारी दिए । उनी सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा वेसक्याम्प, बिष्णुपुरा, रुपन्देहीमा कार्यरत थिए ।

# व्यक्तिगत घटना दर्ताका लागि प्रभातफेरी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३ वैशाख

सिमकोट गाउँपालिकाले व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन प्रभातफेरी गर्ने भएको छ । वैशाख ४ गते सोमबारदेखि १० गतेसम्म सिमकोट गाउँपालिकाभित्रका ८ वटै वडाभरि व्यक्तिगत घटना दर्ता सप्ताह संचालन हुँदैछ ।

सम्पूर्ण वडामा व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेदलगायतका घटना दर्ताका लागि प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको गाउँपालिकाले जनाएको छ । समयमा आफ्नो वडा कार्यालयमा अनिवार्य घटना दर्ता गर्न गाउँपालिका अध्यक्ष विजय भण्डारीले आग्रह गरेका छन् । उनका अनुसार योग्यता पुगेका सेवाग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि विवरण दर्ता गराउन सक्नेछन् ।

यस्तै, गाउँपालिका उपाध्यक्ष सुशिला रोकायाले व्यक्तिगत घटना दर्ता नियमित प्रक्रिया भएकाले समयमै दर्ता गराउन आग्रह गरिन् । व्यक्तिगत घटनालाई व्यवस्थित गर्नको लागि उनले कर्मचारीहरुलाई निर्देशन समेत दिएकी छिन् । व्यक्तिको कानुनी पहिचानको स्थापना गर्न, नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवाको प्राप्तीका लागि जनचेतना अभिवृद्धि गर्नका लागि प्रभातफेरी गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उजिर रोकायाले बताए ।


## मलेसियामा रोजगारको अवसर | कम्पनी: JMK TRADING SDN.BHD

पूर्व स्वीकृत मिति: २०२२/०८/१६ चलानी नं.: ६०१८५५७१ LT. No.: 269635 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख ११ गते (24 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment Pvt. Ltd.
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

## SAUDI मा रोजगार

१. कम्पनी: AL-FARABI MEDICAL AND ORTHODOTIC COMPLEX शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४६७१ L.T. No.: 279031 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse Technician | 0 | 3 | स. काममा दक्ष | 3500 | १,२२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: BISCO INTEGRATED SERVICES CO.LTD शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०२२/०६/०२ चलानी नं.: ६०१९०६४२ L.T. No.: 264248 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ११ गते (24 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Crown Employment Consultant Pvt. Ltd.
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Email: hr@crown.com.np | web: www.crown.com .np
श्रम इजाजत नं. २३५/०५८/०५९

## हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरिनगर, सुनसरी

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गर्मी मौसम शुरू भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।**

### आगलागी रोकथामका उपाय

- ❖ केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- ❖ भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- ❖ यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- ❖ सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरून्त मर्मत गराउन लगाउनुहोस् ।
- ❖ खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ❖ ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- ❖ घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत तथा परिवर्तन गर्नुहोस् ।
- ❖ एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग नगर्नुहोस् ।
- ❖ २ पिन स्विचको बदलामा सिधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- ❖ प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरू सकेटबाट निकालेर अलग राख्नुहोस् ।

श्री गफार अन्सारी मिया
अध्यक्ष

श्री रिमझिम कुमारी भगत
उपाध्यक्ष





### व्यक्तिगत घटना दर्ता सप्ताह
२०८० साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीको लागि घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता गरौं / गराऔं ।

### व्यक्तिगत घटना दर्ता सप्ताह
२०८० साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।




## मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, मकवानपुर

## राजगढ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

**नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

### कोरोना भाइरस सम्बन्धी गाउँपालिका बासीहरुमा सचेतना

### कोरोना भाइरसबाट कसरी आफु र अरूलाई बचाउने ?



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने । घरबाहिर जाँदा अनिवार्य रूपमा मास्क लगाउने ।




बेलाबेलामा साबुन-पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।



भिडभाडमा नजाने र अरुलाई पनि नजान सुझाव दिने ।



खोक्दा वा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन-पानीले मिचिमिचि हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने ।



माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरून्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

ओम प्रकाश मण्डल
अध्यक्ष

रेणु देवी मंडल
उपाध्यक्ष

राजगढ गाउँपालिका, सप्तरी, मधेश प्रदेश



मध्यान्ह
www.madhyanhadaily.com
४ वैशाख २०८०, सोमबार
17 April 2023, Monday

सम्पादकीय

## सतर्कता अपनाऔं

सुख्खा मौसमका कारणले देशभर डढेलो लागिरहेको छ । वन तथा भू-संरक्षण विभागका अनुसार, देशभर झण्डै अढाइ सय वनमा डढेलो लागेको छ । यो क्रम अझै बढेर जाने अनुमान गरिएको छ । किनकि नेपालमा वर्षेनि दुई हजार वनमा डढेलो लाग्ने गरेको सरकारी तथ्याङ्कले देखाउँछ । डढेलोबाट वन मात्रै जल्ने हुँदैन । डढेलो बढेर बस्ती छिर्ने जोखिम हुन्छ । यसबाट मानवीय क्षति समेत देखिने गरेको छ । औसतमा वर्षेनि ठूलो संख्यामा मानवीय क्षति पुग्नुले पनि डढेलो एउटा कारण भएको सहज अनुमान लगाउन सकिन्छ । डढेलोबाट जंगल विनाश हुँदा जंगली जनावर मर्ने र उसको जीवनचक्रमा असर पर्ने हुन्छ । यसको प्रत्यक्ष असर पर्यावरणीय चक्रमा पर्नेछ ।

अझ जंगलसँग मानिसको प्रत्यक्ष सम्बन्ध जोडिएको छ । दैनिक आवश्यकीय दाउरा, घाँस जस्ता आवश्यकता जंगलले नै परिपूर्ति गर्छ । त्यो भन्दा पनि ठूलो असर डढेलोका कारणले पर्यावरणमा पुगिरहेको छ । केही दिनदेखि राजधानी उपत्यकामा बढेको प्रदुषणमा डढेलोको असर पर्ने नै भयो । जल तथा मौसम विज्ञान विभागका अनुसार, डढेलोका कारणले वायु प्रदषण देखिएको जनाएको छ । अझ पानी नपरेको र हावा समेत नचलेकाले केहीदिन राजधानीमा यस्तो असर देखिनेछ । यदि बतास मात्रै चल्ने भयो भने अझ डढेलोको रूप बढेर जानेछ । त्यसको विकल्प वर्षा हुनु नै हो । तर तत्काल वर्षा नहुँदा राजधानी उपत्यका सहित देशभर वायु प्रदुषण बढेको छ भने डढेलोले ठूलो रूप लिइरहेको छ ।

वायु प्रदुषणको अरू पनि कारण छन्, त्यो देशभरका गतिविधिले समेत निर्धारण हुने विषय हो । छिमेकी देश भारत सहित औद्योगिक मुलुकको गतिविधिले जलवायु परिवर्तनमा असर पुगिरहेको छ । नेपालमा भारतको औद्योगिक गतिविधिको प्रत्यक्ष असर छ । तर डढेलो भने हाम्रै गतिविधिमा भर परिरहेको छ । जंगल जोगाउनुपर्छ भन्ने जानकारी भएकै नागरिकका कारणले समेत डढेलो लागिरहेको छ, सुख्खा मौसमका कारण प्राकृतिक गतिविधिले मात्रै आगलागी भइरहेको छैन । तसर्थ हामीले आवश्यक सतर्कता अपनाउँदा आगलागीका घटना कम हुन सक्छ । त्यसको लाभ एक नभएर अनेक छन् ।

# बहसमा सामाजिक उद्यमशीलता

*सामाजिक उद्यम बजारको एक यस्तो अवधारणा हो, जसले व्यवसायवाट हुने नाफाभन्दा त्यसबाट समाजमा परेको प्रभावलाई बढी महत्व दिन्छ । आफूले आर्जन गरेको नाफा समाजका निश्चित वर्ग र समुदाय लाभान्वित हुने गरी खर्च गर्नु नै सामाजिक उद्यम हो । यसले समाजमा कस्तो प्रभाव सिर्जना गरेको छ सोही आधारमा मूल्यांकन गर्न सकिन्छ न कि त्यसले आर्जन गरेको नाफाका आधारमा ।*

अग्रलेख



● डिल्लीराम बाँस्तोला

सामाजिक उद्यम के हो भन्ने सम्बन्धमा आजसम्म सर्वमान्य परिभाषा छैन, विश्वव्यापीरूपमा अवधारणागत अस्पष्टता छ वा आफ्नै तवरले परिभाषित गर्ने गरिएको पाइन्छ । देश, समाज र परिवेशअनुरूप यसलाई फरक-फरक तबरले हेरिएको पाइन्छ । तथापि, मूलतः नाफा वितरणको आधारमा सामाजिक उद्यम र निजी व्यवसायबीचको फरक छुट्याउन सकिन्छ । सामाजिक उद्यमको ध्येय समाजको विकासमा योगदान गर्नु हो भने निजी व्यवसायको ध्येय आफ्ना शेयरवालाको नाफा वृद्धि गर्नु हो । अर्को शब्दमा भन्ने हो भने सामाजिक उद्यम भन्नाले स्वच्छ प्रतिस्पर्धामा आधारित व्यवसाय, वातावरणमैत्री व्यवसाय र समाजका सिमान्तकृत व्यक्तिलाई सहयोग गर्ने व्यवसाय भन्न सकिन्छ ।

सामाजिक उद्यम बजारको एक यस्तो अवधारणा हो, जसले व्यवसायवाट हुने नाफाभन्दा त्यसबाट समाजमा परेको प्रभावलाई बढी महत्व दिन्छ । आफूले आर्जन गरेको नाफा समाजका निश्चित वर्ग र समुदाय लाभान्वित हुने गरी खर्च गर्नु नै सामाजिक उद्यम हो । यसले समाजमा कस्तो प्रभाव सिर्जना गरेको छ सोही आधारमा मूल्यांकन गर्न सकिन्छ न कि त्यसले आर्जन गरेको नाफाका आधारमा । सामाजिक उद्यमलाई यसका विशेषताको आधारमा पनि बुझ्न सकिन्छ ।

अरुलाई सहयोग गर्नु, सामाजिक मूल्य सिर्जना गर्नु, सकारात्मक सामाजिक प्रभाव, दिगोपन, मूल्य मान्यतामा आधारित, नवप्रवर्द्धनका विशेषता हुन् । यस्ता संस्थाले पनि आर्थिक आत्मनिर्भर भई दिगोरूपमा संस्था सञ्चालन गर्न सीमित नाफाको उद्देश्य राख्दछन् । तथापि त्यस्तो आर्जित नाफा अरुको हितमा खर्च गर्ने र खासगरी आर्थिक सामाजिकरूपमा पछि परेका वा विशेष परिस्थिति परी आकस्मिक समस्यामा परेका व्यक्ति तथा समुदायको हिततर्फ लक्षित गरी खर्च गर्ने गरेको पाइन्छ ।



समाज विकासक्रमसँगै समाज सुधारका विविध प्रयास हुँदै आएको पाइन्छ । वैदिक धर्म, संस्कृति र परम्परा अध्ययन गर्दा प्राचीनकालदेखि नै 'परोपकार पुण्याय पापाय परपिडनम्' जस्ता मूल्य मान्यताले समाजलाई निर्देशित गरी आएको पाइन्छ ।

आधुनिककालमा खासगरी सन् २००४ पछि चीनमा सामाजिक उद्यमसम्बन्धी नवीन अवधारणा सतहमा आएको हो । त्यसपछि विश्वका अन्य देशमा पनि यसको अभ्यास तीव्ररूपमा हुन थाल्यो । विश्वका केही चर्चित सामाजिक उद्यममा अशोका, ग्रामीण विकास बैंक, ब्युटीफूल स्टोर, मलाला फन्ड, सेभेन्थ जेनेरेशन, टोम्स सु, सेफ प्वाइन्ट ट्रष्ट, आइफार्मर, वर्क फर इम्प्याक्ट, इरा ९२, नेष्ट, सिट्टी आदिलाई लिन सकिन्छ ।

नेपालमा प्राचीन समयदेखि कुनै न कुनै प्रकारले सामाजिक व्यवसायिक संस्था सञ्चालनमा रहेको पाइन्छ । गुठी प्रणालीलाई यस्को उदाहरणको रूपमा लिन सकिन्छ । प्राचीनकाल, मल्लकाल र आधुनिककालमा समाज सुधारका क्षेत्रमा केही न केही कार्य हुँदै आएको पाइन्छ । समाज कल्याण ऐन, २०३४ बमोजिम स्थापित समाज कल्याण परिषद्ले सामाजिक कल्याणसँग सम्बन्धित कार्यबाट देशको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनका लागि सम्बन्धित मन्त्रालय तथा सामाजिक संघ संस्थामार्फत समाज कल्याण कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखेको पाइन्छ । 'मन, बचन र कर्मले सेवा गरौं' भन्ने मूल मन्त्रका साथ स्थापित समाज कल्याण परिषदअन्तर्गत हालसम्म ५० हजार तीन सय ५८ स्थानीय गैरसरकारी संस्था र दुई सय ७० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था दर्ता भई कार्य गरिरहेका छन् ।

यी संस्थामध्ये ९५ प्रतिशतभन्दा बढी दातामुखी रहेका छन् । हालैका दिनमा अन्तर्राष्ट्रिय समुदायले गैरसरकारी संस्थालाई गर्ने सहयोगको मात्रा घटाउँदै लगेको परिवेशमा आत्मनिर्भर सामाजिक उद्यमको महत्व अझै बढ्दै जाने देखिन्छ । सामाजिक उद्यमसम्बन्धी अवधारणा नेपालको सन्दर्भमा एक नवीन विषय हो । नेपालमा औपचारिकरूपमा भने यो अवधारणा सन् २००८ तिर सुरु भएको हो । हाल शिक्षा बालस्वास्थ्य, वातावरण संरक्षण, महिला, फरक क्षमता भएका व्यक्ति, सामाजिक समस्या, युवा, विद्यार्थी, बेरोजगारी, गरिबी न्यूनीकरण, कृषिजन्य उत्पादन, नवीनतम् प्रविधि, सीप विकास, हस्तकला, कृषिजस्ता क्षेत्रमा सामाजिक संस्था क्रियाशील रहेको पाइन्छ ।

